फोन नं. ०७१५८०३५०
फ्याक्स नं.०७१५८०३५०

# लुम्बिनी सांस्कृतिक नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
# लुम्बिनी, रुपन्देही
# ५ नं. प्रदेश, नेपाल

प.सं: ०७५/०७६
च.नं : ८६५

मितिः २०७५।०९।१२

श्री यसैसाथ संलग्न बमोजिमका संस्था र विद्यालयहरु ।

**बिषयः- बिद्यालयको लेखापरीक्षण सम्बन्धमा ।**

उपर्युक्त सम्बन्धमा तपाइलाइ यस कार्यालयको मिति २०७५।०९।१२ गतेको निर्णयानुसार तपसीलमा उल्लेखित बिद्यालयहरुको आ. व. २०७४।०७५ सम्मको र बाँकी रहेको भए सो भन्दा अगाडिको आ. व. समेतको लेखापरीक्षण गर्न नियुक्ति गरिएको छ। प्रचलित ऐन, नियम र निम्न बुदाहरुलाई समेत ध्यान दिइ तोकिएको बिद्यालयको सम्पूर्ण आर्थिक तथा भौतिक कारोवारको लेखापरिक्षण गरी पत्र प्राप्त भएको मितिले २० दिन भित्र शिक्षा नियमावलीले तोके अनुसार प्रतिवेदन पेश गर्नुहोला ।पारिश्रमिकको हकमा प्रति रु १००।- को ०।२५ पैसाको दरले सम्बन्धित बिद्यालयबाट भुक्तानी पाउने र गतविगत बर्षमा लेखापरिक्षणले औंल्याएका बेरुजु तथा पेश्की फर्छौंट गरे नगरेको व्यहोरा पनि स्पष्ट रुपमा खुलाउनु हुन अनुरोध गरिन्छ ।

तपशीलः-
१-साविक जिल्ला शिक्षा कार्यालय र यस नगर कार्यपालिकाबाट निकासा भएको तहगत शिक्षकले खाइपाइ आएको ग्रेड र संचित बिदाको विवरण ।
२-बिद्यालयको भौतिक तथा जिन्सी सम्पत्ति विवरण ।
३-कक्षागत बिद्यार्थी विवरण छात्र। छात्रा आइ. डि. अनुसार ।
४-बिद्यार्थी तथा अभिभावकबाट लिने गरेको शुल्क विवरण र आन्तरिक श्रोतबाट प्राप्त हुने आम्दानी खर्चको बिवरण ।
५-अनुदान प्राप्त गरेको रकमको विवरण ।
६-गत विगतको आ. व. मा औंल्याएका पेश्की र बेरुजु फर्छौंट एवं बाँकीको विवरण ।
७- पारिश्रमिक कर, घरबहाल कर तथा अन्य अग्रिम कर कट्टीको राजश्व दाखिला गरे/ नगरेको विवरण, पाठ्यपुस्तक र छात्रवृति वितरण गरे/ नगरेको विवरण साथै भौतिक निर्माण कार्य समपन्न, अधुरो र काम नै हुन नसकेको अवस्था ।
लेखा परीक्षकले ले. प. सम्पन्न गरिसके पछि बिद्यालयबाट बुझेको पारिश्रमिकको नियमानुसार तिर्नुपर्ने कर दाखिला गरि सो को छायाँप्रति अनिवार्य रुपमा प्रतिवेदन साथ संलग्न राखी यस कार्यालयमा पेश गर्नुपर्ने छ साथै लेखापरीक्षण गर्न यस कार्यालयबाट नियुक्ति पाइसकेपछि कुनै कारणवश ले. प. हुन नसकेको अवस्थामा सो को कारण सहित १५ दिनभित्र ले. प. नगरिएको जानकारी अनिवार्य रुपमा दिनुपर्ने छ अन्यथा उक्त स्थानमा अन्य लेखापरीक्षक खटाइ ले. प. प्रकृया अगाडि बढाइने छ ।
लेखापरीक्षण गर्न तोकिएका बिद्यालयहरुः-

१-
२-
३-

प्रमुख प्रशासकीय अधिकृत

**बोधार्थः-**
श्री शिक्षाविकास निर्देशनालय प्रदेह नं ५ बुटवल रुपन्देही
श्री शिक्षाविकास तथा समन्वय इकाइ भैरहवा रूपन्देही
श्री .................................. बिद्यालय ।

०१c